# ३ इस्राएलका अन्तिम पाँच राजाहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ इतिहास ३४, यर्मिया २२:१-१९, २९:१-१४, २ इतिहास ३६::११-१४, यर्मिया २३:२-८।

**<u>*स्मरण गर्नुपर्ने पद:*</u> "१६ त्यसले गरीब र दरिद्रहरूको रक्षा गऱ्यो, र त्यसलाई असलै भयो। मलाई चिन्नुको अर्थ के यो होइन र?" परमप्रभु भन्नुहुन्छ।" (यर्मिया २२:१६ रूपान्तरित)।**

फिडोर डोस्टोभिस्की रूसको प्रख्यात साहित्यकार थिए। सन् १८००मा उनलाई राज्यको बिरुद्धको क्रियाकलापमा लागे भनेर रूसको अत्यन्त जाडो प्रान्त साइबेरियामा चार वर्षसम्म जेलमा हालेको थियो। आफू जेलबाट निस्केपछि आफूसँग जेलमा परेका केही कैदीहरूको अपराधिक गतिबिधिप्रति तिनीहरू अलिकति पनि पछुताव नभएकाहरूको अनुभव लेखेका थिए। "धेरै वर्षसम्म तिनीहरूसँग बिताउँदा तिनीहरूमा अलिकति पनि आफूहरूको आतङ्ककारी गतिविधिहरूको बारेमा अलिकति पनि दुःख मानेको चिन्ह तिनीहरूमा मैले पाइँन। तिनीहरूले आफूहरूले गरेका अपराधहरूप्रति पछुताव गरेर शिर झुकाएको थिएन बरू तिनीहरूले जे गरे ठिकै गरें भनेर तिनीहरू भित्रै मनदेखि ढुक्क भएका भिए।"-जोसेफ फ्रान्क, डोस्टोभस्की, द यरस् अभ अर्डियल, १८५०-१८५९, पृ. ९५।

इस्राएलमा शासन गरेका राजा योशियाह बाहेक अरू पाँच राजाहरूको बारेमा डोस्टोभस्कीले चर्चा गरिरहेका होलान्। ती पाँच राजाहरू यर्मियाको सेवाकार्यमा शासन गरेका थिए। एक राजा पछि अर्को राजा निरंकुस भएर परमेश्वरको बिरुद्धमा लाग्दा तिनीहरूले आफ्ना क्रियाकलापहरूप्रति अलिकती पनि दुःख मानेका थिएन। परमेश्वरले यर्मियाद्वारा तिनीहरूलाई चेतावनीहरू

दिंदा पनि तिनीहरूले वास्ता नगरेकाले त्यस देशमा आएका आपत्तीहरू तिनीहरूको आफ्नै कारणले भएका थिए भनेर स्पष्ट हुँदै गरेको थियो।

हुन त इस्राएललाई राजा दिने परमेश्वरको नियत कहिलै पनि भएको थिएन। यस अध्यायको अन्तमा हामीले त्यो किनभएको होला भनेर हामी निश्कर्ष निकाल्न सक्नेछौं। बिचरा यर्मियाले कसैले पनि सराहना र पत्यार नगरेका सेवाकार्यहरूको खिलाफमा कस्ता कस्ता गम्भिर दवावहरूको सामना गरेका थिए सो पनि हामी बुझ्नेछौं।

## १. योशियाहको शासनकालमा

इस्राएलको दक्षिण प्रान्तिय देशमा शासन गरेका राजा योशियाह सोर्‍हौं राजा थिए। उनी ई.पू. ६४०-६०९मा राज गरेका थिए। उनी आठ बर्षको उमेरमा राजा भएका थिए। उनको बुबा आमोन र उनको हजुरबा मनस्सेले त्यस प्रान्तमा झण्डै पचास बर्ष राज गरेका थिए। यहूदाको अत्यन्त दुष्ट राजाहरूमा ती दुई पनि थिए। योशियाह एकतिस बर्षसम्म राज गरे। उनका पूर्वज भन्दा उनी फरक थिए। उनी प्रतिकुल वातावरणमा हुर्केतापनि परमेश्वरको सामु जे ठीक थियो त्यही उनले गरेका थिए (२ राजा २२:२)।

"योहोशिया दुष्ट राजाको दरवारमा जन्मेका थिए र उनका वरिपरि उनको बाबुको कदममा लाग्न धेरै प्रलोभन तथा परिक्षाहरूले घेरेका थिए। तैपनि उनका ठीक बाटामा लगाउने केही असल सल्लाहकारहरूले गर्दा उनी इस्राएका परमेश्वरप्रति सत्यवादी भएर निस्केका थिए। बिगतका शासकहरूले गलत कामहरू गरेको थाहा पाएकोले उही जे ठीक थियो त्यही गर्न निर्णय गरेका थिए। उनका पिता पूर्खाहरूको पाप र तल्लो खस्किएको स्तरमा नजाने उनले निधो गरेका थिए। उनी दायाँ र बायँ फर्कन चाहेन। विश्वासको पद ओगट्न पुगेका राजा

योहोशियाले इस्राएलका शासकहरूको अगुवाईको निम्ति दिएका निर्देशनहरू पालन गर्न निर्णय गरेका थिए। परमेश्वरको आज्ञाकारी हुने निर्णय गरेको हुनाले उनी परमेश्वरले प्रयोग गर्नुहुने सम्मानको भाँडो हुन सम्भव भएको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस्, पृ. ३८४बाट रूपान्तरित।

२ इतिहास ३४मा राजा यहोशियाले आत्मिक रूपमा पतन भएको इस्राइलमा सुधार ल्याउन केही भागहरू जुतेका थिए। ती भागहरू कुनै पनि आत्मिक सुधारको केन्द्रविन्दु हुनुपर्छ। त्यो सुधार चाहे समुदायमा होस् चाहे व्यक्तिगत हो। हेर्नुहोस्ः "१ राजगद्दी आरोहण गर्दा योशियाह आठ वर्षका थिए। तिनले यरूशलेममा एकतीस वर्ष राज्य गरे। २ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे। तिनी दाहिने-देब्रे नलागी आफ्ना पुर्खा दाऊदका सबै चालमा हिँड़े। ३ तिनका राजकालको आठौं वर्षमा तिनी जवान छँदा तिनले आफ्ना पुर्खा दाऊदका परमेश्वरलाई खोज्न सुरु गरे। अनि बाह्रौं वर्षमा यहूदा र यरूशलेममा भएका डाँड़ाका थानहरू र अशेरा देवीका खम्बाहरू अनि खोपेर बनाएका र ढलौटे मूर्तिहरू हटाउन सुरु गरे। ४ बाल देवताहरूका वेदीहरू तिनले भत्काउन लाए, र तिनीहरूका माथि भएका धूप-वेदीहरू टुक्रै-टुक्रा पारे। तिनले अशेरा देवीका खम्बाहरू र अरू सबै मूर्ति र प्रतिमाहरू टुक्रै-टुक्रा पारेर धूलोपीठो बनाए, र तिनलाई बलिदान चढ़ाउने मानिसहरूका चिहानहरूमा ती छरिदिए। ५ तिनले तिनका पूजाहारीहरूका हड्डी पनि तिनीहरूकै वेदीहरूमा जलाइदिए, र यसरी तिनले यहूदा र यरूशलेमलाई शुद्ध पारे। ६ तिनले मनश्शे, एफ्राइम, शिमियोन र नप्तालीसम्मका सहरहरू र तिनका वरिपरिका भग्नावशेषमा भेट्टाएका तिनीहरूका वेदीहरू र अशेरा देवीका खम्बाहरू भत्काइदिए। ७ अनि ढालेर बनाएका मूर्तिहरूलाई तिनले धूलोपीठो पारिदिए। इस्राएलको देशभरि नै भएका धूप-वेदीहरूलाई तिनले नाश गरे। त्यसपछि

तिनी यरूशलेममा फर्के। ८ योशियाहका राजकालको अठारौं
वर्षमा देश र मन्दिरलाई शुद्ध पार्नलाई तिनले असल्याहका छोरा
शापान, सहरका शासक मासेयाह र राज्यका लेखापाल योआहाजका
छोरा योआलाई परमप्रभु तिनका परमेश्वरको मन्दिर मरम्मत गर्न
पठाए। ९ तिनीहरू प्रधान पूजाहारी हिल्कियाहकहाँ गएर तिनलाई
परमप्रभुको मन्दिरमा ल्याएका रुपियाँपैसा दिए, अर्थात् ती पैसा जो
द्वारपालको काम गर्ने लेवीहरूले मनश्शे, एफ्राइम र इस्राएलका
बाँकी रहेका सबै मानिसहरू अनि यहूदा, बेन्यामीन र यरूशलेमका
सबै बासिन्दाहरूबाट पनि जम्मा गरेका थिए। १० तिनले त्यो पैसा
परमप्रभुको मन्दिरमा काम गर्नेहरूका मुख्य कर्मचारीहरूका हातमा
दिए, र मन्दिरमा काम गर्ने मानिसहरूले त्यो पैसा मन्दिरको
मरम्मत र त्यसलाई सुदृढ़ पार्न प्रयोग गरे। ११ तिनीहरूले त्यस
पैसाबाट यहूदाका राजाहरूले नष्ट हुन छोड़िदिएका भवनहरू
मरम्मत गर्न काटेका ढुङ्गा अनि दलिन र सत्तरीका काठहरू किन्न
पनि सिकर्मी र डकर्मीहरूलाई दिए। १२ यी मानिसहरूले
ईमानदारीसाथ काम गरे। तिनीहरूले मरारी वंशका लेवीहरू यहत
र ओबदिया, अनि कहातको वंशका जकरिया र मशुल्लामको
देखरेखमा काम गरे। यिनीहरूको अधीनमा मजदूरहरू पनि थिए।
१३ अनि सबै किसिमका काम गर्ने मानिसहरूको हेर-विचार पनि
यिनीहरूले नै गर्थे। सबै लेवीहरूचाहिँ सङ्गीतमा निपुण थिए।
तिनीहरूमध्ये कोही सचिव, कोही शास्त्री र कोही द्वारपालहरू
थिए। १४ तिनीहरूले परमप्रभुको मन्दिरमा ल्याएका रुपियाँपैसा
निकाल्दा पूजाहारी हिल्कियाहले मोशाद्वारा दिएको परमप्रभुका
व्यवस्थाको पुस्तक भेट्टाए। १५ तब सचिव शापानलाई
हिल्कियाहले यसो भने, "मैले परमप्रभुको मन्दिरमा व्यवस्थाको
पुस्तक भेट्टाएको छु।" हिल्कियाहले त्यो पुस्तक शापानलाई दिए।
१६ शापानले त्यो राजाकहाँ ल्याएर भने, "हजूरले दिनुभएका सबै
काम हजूरका अधिकारीहरूले गरिरहेका छन्। १७ तिनीहरूले

परमप्रभुको मन्दिरमा भएको रुपियाँपैसा लिएर मुख्य कर्मचारी र
कामदारहरूलाई दिएका छन्।" १८ पूजाहारी हिल्कियाहले
तिनलाई एउटा पुस्तक दिएका कुरा पनि सचिव शापानले राजालाई
बताइदिए। तिनले त्यो पुस्तक राजाको सामुन्ने पढ़ेर सुनाए। १९
राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुनेपछि आफ्ना लुगा
च्याते। २० तिनले हिल्कियाह, शापानका छोरा अहीकाम, मीकाका
छोरा अब्दोन,* सचिव शापान र राजाका टहलुवा असायाहलाई राजा
आफ्नै निम्ति र इस्राएल र यहूदामा अझै बाँकी रहेकाहरूका निम्ति
त्यस पुस्तकमा लेखिएका कुराको विषयमा परमप्रभुसित सोधपूछ
गर्न भनी हुकुम गरे। २१ तिनले भने, "हाम्रा पुर्खाहरूले
परमप्रभुको वचन पालन नगरेका र यस पुस्तकमा लेखिएका सबै
कुरा नमानेका हुनाले हामीमाथि परमप्रभुको ठूलो क्रोध खनिएको
छ।" २२ हिल्कियाह र राजाले हुकुम गरेका मानिसहरू
राजमहलको लुगाफाटो हेरचाह गर्ने हसराका नाति तोखतका छोरा
शल्लूमकी पत्नी अगमवादिनी हुल्दाकहाँ सोधपूछ गर्नलाई गए।
तिनी यरूशलेमको दोस्रो टोलमा बस्थिन्। २३ तिनले तिनीहरूलाई
भनिन्, "परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः
"तिमीहरूलाई मकहाँ पठाउने मानिसलाई भन, २४ "परमप्रभु यसो
भन्नुहुन्छः यहूदाका राजाको सामुन्ने पढ़ेको पुस्तकमा लेखिएका
सबै सरापहरू पूरा गर्न म यस स्थान र त्यसका मानिसहरूमाथि
सर्वनाश ल्याउनेछु। २५ तिनीहरूले मलाई त्यागेका छन्, र अरू
देवताहरूलाई धूप बालेका छन्, र तिनीहरूका आफ्नै हातले
बनाएका कुराहरूद्वारा मलाई रीस उठाएका छन्। यसैकारण मेरो
क्रोध यस ठाउँमाथि खन्याइनेछ, र त्यो शान्त हुनेछैन' । २६
परमप्रभुलाई सोधपूछ गर्न तिमीहरूलाई पठाउने यहूदाका राजालाई
यही कुरा भनिदेओ, 'तपाईंले सुन्नुभएको वचनको विषयमा परमप्रभु
इस्राएलका परमेश्वर यही भन्नुहुन्छः २७ तिम्रो हृदय जवाफ
दिनलाई उत्सुक भएकोले, र मैले त्यो देश र यसका मानिसहरूका

विषयमा भनेका कुरा सुनेर परमेश्वरको सामुन्ने तिमी विनम्र भएकोले, र मेरो सामु तिमी विनम्र भई तिमीले आफ्नो पोशाक च्यातेर मेरो उपस्थितिमा विलाप गरेको हुनाले, तिमीलाई मैले सुनेको छु, परमप्रभु भन्नुहुन्छ। २८ यसैकारण म तिमीलाई तिम्रा पित्रहरूसँगै जम्मा गर्नेछु, र तँ शान्तिसित गाड़िनेछौ। यस ठाउँ र यसका बासिन्दाहरूमाथि मैले ल्याउने सबै सर्वनाश तिम्रा आँखाले देख्नेछैनन्' ।" तब तिनीहरूले राजाकहाँ यो जवाफ ल्याए। २९ त्यसपछि राजाले यहूदा र यरूशलेमका सबै धर्म-गुरुहरूलाई भेला हुन भनी बोलाइपठाए। ३० तिनले आफूसँग यहूदाका मानिसहरू, यरूशलेमका बासिन्दाहरू, पूजाहारी र लेवीहरू, साना-ठूला जम्मै मानिसहरूसँग तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए। परमप्रभुको मन्दिरमा फेला परेको करारको पुस्तकका सबै वचन तिनीहरूले सुन्ने गरी तिनले पढ़े। ३१ तब खम्बाको छेउमा उभिएर परमेश्वरलाई पछ्याउन र उहाँका आज्ञा, विधि र उर्दीहरू आफ्नो सारा हृदय र प्राणले पालन गर्न, र यस पुस्तकमा लेखिएका करारका वचनहरू पूरा गर्न परमप्रभुको सामुन्ने राजाले करारलाई पुनर्स्थापना गरे। ३२ त्यसपछि यरूशलेम र बेन्यामीनमा उपस्थित भएका सबैलाई त्यो करार पूरा गर्न तिनले शपथ खान लाए। यरूशलेमका बासिन्दाहरूले परमेश्वर, तिनीहरूका पुर्खाहरूका परमेश्वरको करारअनुसार यो गरे। ३३ योशियाहले इस्राएलीहरूका सारा इलाकाहरूबाट सबै घृणित मूर्तिहरू हटाइदिए, र इस्राएलमा बस्ने सबैलाई परमप्रभु आफ्ना परमेश्वरको सेवा गर्न लगाए। तिनी बाँचुञ्जेल परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरको भक्ति गर्नदेखि तिनीहरू तर्केनन्।"

यहोशियाको सुधारमा मूलतः दुई भागहरू छन्ः प्रथमतः मूर्ती र मूर्ती पूजा गर्ने कुनै पनि तत्वहरूलाई सकेसम्म हटाइएको थिए। मूर्तीपूजाको नाउँमा चलनचल्तीमा ल्याएका अनेकन् दुष्ट र अपराधिक गतिविधीहरूलाई हटाउन कोशिश गरेका थिए।

इस्राएली राष्ट्रलाई पापको भुमरीमा पार्न त्यस मूर्तीपुजाको संस्कारले प्रमूख भूमिका खेलेका थिए।

तर त्यो केवल प्रथम् कदममात्र थियो। खराब र गलत गतिविधि भएन भन्दैमा स्वतः असल कुराको थालनी हुन्छ भन्ने छैन। दोस्रोमा जब परमेश्वरको व्यवस्था वा उहाँको इच्छा लेखिएको पुस्तक पढेको राजाले सुने तब उनी अत्यन्त भावविह्वल भएर परमेश्वरको सामु करार बाँधे। त्यस पुस्तकमा लेखिएका सबै आज्ञाहरू, उहाँका वचनहरू र नीतिहरू हृदय र आत्मादेखि पालन गर्ने प्रतिवद्धता राजाले जनाए। (२ इतिहास ३४:३१)।

**असल तथा अनुकरणीय उदाहरणको प्रभाव विशेष गरेर उच्च पद तथा शासकहरूले देखाउने कतिको प्रभावकारी हुँदो रहेछ भनेर २ इतिहास ३४:३२,३३ फेरि पढ्नुहोस्। तपाईंको वचन र कामले अरूलाई कस्तो प्रभाव दिइरहनुभएको छ सो गहिरिएर सोच्नुहोस्। हेर्नुहोस्ः "३२ त्यसपछि यरूशलेम र बेन्यामीनमा उपस्थित भएका सबैलाई त्यो करार पूरा गर्न तिनले शपथ खान लाए। यरूशलेमका बासिन्दाहरूले परमेश्वर, तिनीहरूका पुर्खाहरूका परमेश्वरको करारअनुसार यो गरे।३३ योशियाहले इस्राएलीहरूका सारा इलाकाहरूबाट सबै घृणित मूर्तिहरू हटाइदिए, र इस्राएलमा बस्ने सबैलाई परमप्रभु आफ्ना परमेश्वरको सेवा गर्न लगाए। तिनी बाँचुञ्जेल परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरको भक्ति गर्नदेखि तिनीहरू तर्केनन्।"**

## २. जेहोहाज र जेहोआएकिमः अर्को पुस्ता

जब जेहोहाज (शालुम भनेर पनि कहलाइन्छ) २३ बर्षको थियो उनी आफ्नो पिताको गद्दीमा राज गरे। उनको शासनकाल केवल तिन महिनामात्र फाप्यो। मिश्र अर्थात् इजिप्टको राजा फारोले यहोआजलाई हटाएर उनका भाईलाई गद्दी सम्हाल्न दिए किनकि उनले मिश्रदेशको पक्षमा काम गर्न रुचाएको थिएन।

यहोआजलाई मिश्रदेशमा लगिएको थियो जहाँ उनको मृत्यु भएको थियो। (२ इतिहास ३६:४,२ इतिहास २३:३१-३४)।

यहोआजपछि राजा हुने राजा यहोयाकिम थिए जो ई.पू. ६०९-५९८सम्मा राज गरे। उनी योशियाहका छोरा थिए। जब बेबिलोनको सम्राट् नेबुक्दनेजारले यरुशलेम कब्जा गरे तब यहोयाकिमलाई बेबिलोनमा युद्धबन्दी बनाएर लगेका थिए। राजासँगै मन्दिरका भाँडाकुँडाहरूलाई पनि बेबिलोनमा लगिएको थियो। इस्राएलका मानिसहरूलाई नयाँ राजाले इस्राएललाई फेरि गलत बाटोमा लान्दैछ भनेर यर्मियाले चेतावनी दिएका थिए।

यहोआकिमले देशलाई कसरी कुमार्गमा लगे भनेर यर्मिया २२:१-१९मा उल्लेख गरिएको छ। उनले कस्ता कस्ता कदमहरू चाले जस्ले गर्दा त्यस देशले परमेश्वरको कडा आक्रोस खप्नुपरेको थियो? हेर्नुहोस्: "१ परमप्रभु यसो भन्नुहुन्छः "यहूदाका राजाको महलमा गएर त्यहाँ यो सन्देश देः २ 'दाऊदको सिंहासनमा विराजमान हुने हे यहूदाको राजा, तिम्रा अधिकारीहरू र यी मूल ढोकाहरूबाट भित्र पस्ने तिम्रा मानिसहरू हो, परमप्रभुको यो वचन सुन। ३ परमप्रभु यसो भन्नुहुन्छः जे उचित र ठीक छ, त्यो गर। लुटिएकोलाई अत्याचारीको हातबाट छुटाओ। विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि खराबी वा उपद्रव नगर, र यस ठाउँमा निर्दोषहरूको रगत नबगाओ। ४ किनकि यदि तिमीहरूले साँच्चै यी आज्ञाहरू होशियारीसित पालन गर्‍यौ भने, यस महलका यी मूल ढोकाहरूबाट आएर दाऊदको सिंहासनमा बस्ने राजाहरू रथ र घोड़ाहरूमा सवार भएर तिनका अधिकारीहरू र मानिसहरूका साथ प्रवेश गर्नेछन्। ५ तर यदि तिमीहरूले यी आज्ञाहरू पालन गरेनौ भने, परमप्रभु भन्नुहुन्छ, म आफ्नो नाउँको शपथ खाएर भन्दछु कि यो महल नै भग्नावशेष पारिनेछ' ।" ६ किनभने यहूदाका राजाको महलको विषयमा परमप्रभु यसो भन्नुहुन्छः "तिमी मेरो निम्ति गिलाद र लेबनानको टाकुराजस्तै भए तापनि म तिमीलाई

मरुभूमिजस्तै तुल्याउनेछु– निर्जन नगरझैं। ७ म तिम्रो विरुद्धमा
नाश गर्नेहरूलाई पठाउनेछु, प्रत्येकलाई उसको आ-आफ्नो
हतियारसहित। उनीहरूले तिम्रा असल देवदारुका सत्तरीहरू
टुक्राटाक्री पारेर काट्नेछन्, र आगोमा फालिदिनेछन्। ८ “धेरै
जातिका मानिसहरू यस सहरबाट भएर जानेछन् र एउटाले
अर्कालाई सोध्नेछन्, ‘किन परमप्रभुले यस महान् सहरमाथि यस्तो
व्यवहार गर्नुभयो?’ ९ अनि उनीहरूका निम्ति जवाफ यस्तो हुनेछः
‘किनभने तिनीहरूले परमप्रभु तिनीहरूका परमेश्वरको करारलाई
त्यागेर अरू देवताहरूका पूजा र सेवा गरेका छन्’ ।” १०
मरिगएका राजाको निम्ति नरोओ, अथवा तिनको लागि विलाप
नगर। बरु कैदमा लगेको मानिसको लागि धुरुधुरु रोओ, किनभने
त्यो कहिल्यै फर्कनेछैन, न त त्यसले स्वदेश देख्नेछ। ११
किनभने योशियाहका छोरा शल्लूम, जो आफ्ना बाबुको सट्टामा
यहूदाका राजा भए र जो यस ठाउँदेखि गएका छन्, तिनको
विषयमा परमप्रभु यसो भन्नुहुन्छः “त्यो फेरि कहिल्यै यहाँ फर्केर
आउनेछैन, १२ तर जुन ठाउँमा तिनीहरूले त्यसलाई कैद गरेर
लगेका छन्, त्यहाँ त्यो मर्नेछ, र त्यसले फेरि कहिल्यै यो देश देख्न
पाउनेछैन।” १३ “धिक्कार त्यसलाई, जसले अधर्मले आफ्नो
महल बनाउँदछ, जसले आफ्ना माथिल्ला कोठाहरू अन्यायले
बनाउँछ, जसले आफ्ना देशवासीहरूलाई सित्तैंमा सेवा गर्न लगाउँछ,
र तिनीहरूलाई आफ्ना मेहनतको ज्याला दिँदैन। १४ त्यसले
भन्दछ, ‘म आफ्नो निम्ति माथिल्लो तलामा फराकिला कोठाहरू
भएको एउटा ठूलो महल बनाउनेछु’ । त्यसले देवदारुका पल्ला
भएका झ्यालहरू बनाउँछ, र ती सिन्दूरे रङ्गले रँगाउँछ। १५ “के
धेरैभन्दा धेरै देवदारु भएर तिमी राजा हुन्छौ र? के तिम्रो बाबुसित
खाने र पिउने थोक थिएनन् र? त्यसले उचित र ठीक काम गर्‍यो,
र त्यसलाई असलै भयो। १६ त्यसले गरीब र दरिद्रहरूको रक्षा
गर्‍यो, र त्यसलाई असलै भयो। मलाई चिन्नुको अर्थ के यो होइन

**र?" परमप्रभु भन्नुहुन्छ। १७ "तर तिम्रा आँखा र हृदय त बेईमान गरेर नाफा गर्नु, निर्दोषहरूको रगत बगाउनु, अत्याचार र जबरदस्ती गरी खोस्नुमा मात्र छन्।" १८ यसकारण यहूदाका राजा योशियाहका छोरा यहोयाकीमको विषयमा परमप्रभु यसो भन्नुहुन्छः " 'हाय, मेरो दाजु! हाय, मेरी बहिनी!' भन्दै त्यसको लागि तिनीहरू रुनेछैनन्। 'हाय, मेरा मालिक! हाय, उहाँको गौरव!' भन्दै त्यसको निम्ति तिनीहरू रुनेछैनन्। १९ त्यसलाई एउटा गधा गाड़ेझैं घिसार्दै ल्याएर यरूशलेमको मूल ढोकाको बाहिर त्यो फ्याँकिनेछ।"**

भ्रष्ट र लालची शासकको खिलाफमा परमेश्वरले यर्मियाबाट बोल्नुभएको थियो। इजिप्टलाई कर तिर्न यहोयाकिम निरंङ्कुस, दमनकारी र लोभी राजा हुनपुगेका थिए जसले यहूदामाथि चर्को कर असुल गर्न लगाएका थिए (२ राजा २३:३५)। अझ झन खराब काम त मानिसहरूलाई जबरजस्ती सित्तैमा काम गर्न लगाएर आफ्नै दरवारलाई ठूलो बनाएका थिए। धर्मशास्त्र तोराहमा त्यस कदमको बिरुद्धमा यसरी स्पष्ट लेखिएको छः "१३ " 'तिमीहरूले आफ्नो छिमेकीलाई थिचोमिचो नगर्नू, र त्यसलाई नलुट्नू। " 'ज्यालामा काम गर्नेको पैसा एक रात पनि तिमीहरूसँग नरहोस्।" लेबी १९:१३। फेरि उनका पिता योशियाको चलन बिपरित योहोयाकिमले विभिन्न मूर्तिहरूको पुजा गर्ने संस्कारलाई यहूदामा भित्राएका थिए।

यर्मिया २२:१६ अत्यन्त मार्मिक र शक्तिशाली पद हो। भ्रस्त यहोआकिमको चरित्र बिपरित उनका पिता योशियाका बारेमा परमेश्वरले यसरी सम्बोधन गर्नुहुन्छः " **त्यसले गरीब र दरिद्रहरूको रक्षा गऱ्यो, र त्यसलाई असलै भयो। मलाई चिन्नुको अर्थ के यो होइन र?" परमप्रभु भन्नुहुन्छ।"** त्यसको अर्थ गरिबको आवश्यकतालाई मानिसले कसरी हेरिन्छ त्यसैबाट परमेश्वरको सत्य आत्मज्ञान त्यसमा रहेछ भनेर थाहा पाइन्छ।

हामीले गरेको गुणलाई फर्काउन नसक्नेलाई सहयोग गर्न अघि सर्न सक्ने खुबी भएको मानिसलाई परमेश्‍वरको सत ज्ञानले परिचालित गरेको छ भनेर देखाउँछ। गरिब, निसाहय र आफूले आफूलाई केहि गर्न नसक्नेप्रति परमेश्‍वर संवेदनशील भएको यहाँ र बाइबल भरि देखाएको हामी पाउँछौं।

**हामीले परमेश्‍वरलाई चिनेका छौं भनेर बताउनु नै गरिब र आवश्यक परेकोलाई सहयोग गर्नु हो रे! त्यसको अर्थ के हो?**

## ३. यहूदामा राजा यहोयाकिनको छोटो शासनकाल

राजा यहोयाकिमको छोरो यहोयाकिन यहूदाको उन्नाइसौं राजा भएका थिए। उनले केवल साढे तिन महिनामात्र दाउदको गद्दीमा बस्न पाए। ई.पू. ५९८मा बेबिलोनको राजा नेबुकदनेजारले यरुशलेममा आक्रमण गरेर १८ वर्षको राजा, उनका रानीहरू, उनकी आमा र अरू राकिय खान्दानहरूलाई युद्धबन्दी बनाएर लगे। उनलाई युद्धबन्दी बनाएको सैतिसौं बर्ष पछि सन् ई.पू. ५६१मा राजा नेबुकदनेजार पछि राजा भएका इभिल-मर्देकले दया देखाएर यहोयाकिनलाई युद्धबन्दीबाट मुक्त गरेका थिए। बेबिलोनको राजासँगै बसेर खाने र राजकिय पोशाक लगाउने अधिकार समेत अधिकार राजा यहोयाकिनलाई दिइएको थियो (२ राजा २५:२७-३०, यर्मिया ५२:३१-३४)। बेबिलोनमा उनका छोराहरू पनि उनीसँगै थिए तर तिनीहरू दाउद राजाको गद्दीमा बस्न पाउने छैन भनेर यर्मियाले भविष्यवाणी गरेका थिए।

**जब राजा यहोआकिन, उनका परिवार र दरवारियाहरूलाई यरुशलेमबाट युद्धबन्दी बनाएर लगेका थिए त्यसबेला परमेश्‍वरले यर्मियामार्फत बोल्नुभएको वचन यर्मिया २९:१-१४मा उल्लेख गरिएको छ। त्यस्तो सङ्कष्टको बेलामा पनि परमेश्‍वरको प्रेम र अनुग्रह कसरी प्रकट भएको थियो भनेर उक्त पदहरूले बताएको पढ्नुहोस्ः "१ बचेका धर्म-गुरुहरू, अनि पूजाहारी, अगमवक्ता र**

सबै मानिसहरू, जसलाई नबूकदनेसरले यरूशलेमबाट बेबिलोनमा
निर्वासित गरेर लगेका थिए, तिनीहरूलाई यर्मिया अगमवक्ताले
पठाएको पत्रका कुरा यी नै हुन्। २ (राजा यहोयाकीन, राजमाता,
महलका अधिकृतहरू, यहूदा र यरूशलेमका अगुवाहरू, कारीगर र
निपुण कलाकारहरू यरूशलेमबाट निर्वासित भएपछि यो पत्र
लेखिएको हो।) ३ तिनले यो पत्र शापानका छोरा एलासा र
हिल्कियाहका छोरा गमर्याहलाई जिम्मा दिए, जसलाई यहूदाका
राजा सिदकियाहले राजा नबूकदनेसरकहाँ बेबिलोनमा पठाएका
थिए। पत्र यस्तो थियोः

४ यरूशलेमबाट बेबिलोनमा आफूले निर्वासन गरी लगेका
सबैलाई सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छः ५ "त्यहाँ तिमीहरू घर बनाएर बस, बारीहरू लगाओ र
तिनका उब्जनीहरू खाओ। ६ विवाहबारी गरेर छोराछोरीहरू
जन्माओ, छोराहरूका निम्ति बुहारीहरू ल्याओ, र छोरीहरूको विवाह
गरिदेओ, र तिनीहरूले छोराछोरीहरू जन्माऊन्। त्यहाँ आफ्नो
संख्या बढ़ाओ, घटेर नजाओ। ७ मैले तिमीहरूलाई निर्वासित
गरेको सहरको भलो चिताओ, र त्यसको निम्ति परमप्रभुसित प्रार्थना
गर। किनभने त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नति
हुनेछ।" ८ हो, सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छः "तिमीहरूका बीचमा हुने तिमीहरूका अगमवक्ताहरू र
जोखना हेर्नेहरूले तिमीहरूलाई धोका नदिऊन्। तिमीहरूको
इच्छाअनुसार तिनीहरूले देखेका सपनाका कुराहरूमा ध्यान
नदेओ। ९ तिनीहरूले मेरो नाउँमा तिमीहरूलाई झूटा अगमवाणी
कहन्छन्। मैले तिनीहरूलाई पठाएको होइनँ," परमप्रभु
भन्नुहुन्छ' । १० परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको निम्ति
सत्तरी वर्ष पूरा भएपछि म तिमीहरूकहाँ आउनेछु, र तिमीहरूलाई
यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा
गर्नेछु। ११ किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति

बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई। १२ तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। १३ जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ। १४ तिमीहरूले मलाई भेट्टाउनेछौ," परमप्रभु भन्नुहुन्छ," र कैदबाट म तिमीहरूलाई फर्काइल्याउनेछु। मैले तिमीहरूलाई निर्वासन गरेर पठाएका सबै जाति-जातिहरू र ठाउँ-ठाउँहरूदेखि म तिमीहरूलाई जम्मा गर्नेछु," परमप्रभु भन्नुहुन्छ, "र जुन ठाउँदेखि मैले तिमीहरूलाई निर्वासन गरेर पठाएको थिएँ, त्यही ठाउँमा म तिमीहरूलाई फेरि फर्काइल्याउनेछु।"

बाइबलका केही प्रख्यात र लोकप्रिय उदगारहरू उपरोक्त पदहरूमा उल्लेख गरिएका छन्: "तिमीहरूको निम्ति के योजना छ सो मलाई थाहा छ" परमेश्वर घोषणा गर्नुहुन्छ, "तिमीहरूलाई फलिफाप बनाउने र हानी नगर्ने, तिमीहरूको भविष्य र आशाका योजनाहरू मसंग छ।" (यर्मिया २९:११ रूपान्तरित)। तत्कालिन परिस्थितिलाई मध्य नजर राखेर परमेश्वरले बोल्नुभएको थियोः बेबिलोनका बिजेताहरूले यहूदाका युद्धबन्दीहरूको जीवन तहसनहस भएको थियो। तिनीहरूको दुःखमा परमेश्वर अलगिनु भएको छैन भनेर उहाँले देखाउन चाहनुभएको थियो। तिनीहरूको परिस्थिति जस्तोसुकै नाजुक भएतापनि परमेश्वरले तिनीहरूलाई प्रेम गरिरहनुहुन्छ र तिनीहरूप्रति उहाँको मन असलै थियो भनेर उहाँ भन्नुहुन्छ। त्यस्तो त्रासमय अवस्थामा परमेश्वरका प्रतिज्ञा र आशाका वचनहरू आउँदा तिनीहरूले हृदयदेखि स्वागत गरेको हुनुपर्छ भन्नेमा कुनै शङ्का छैन। मानिसहरूले जतिसुकै धम्की र चेतावनीहरू खप्नु परेतापनि तिनीहरूलाई आशा र भविष्यको

उज्ज्वलताका प्रतिज्ञाहरू दिइएको थियो। कष्टको समयमा त्यस्तो वाचाहरू पाउनु तिनीहरूको निम्ति निर्णायक क्षण भएको हुनुपर्छ।

**भविष्य र आशा? तपाईंको परिस्थिति अहिले जे भएतापनि तपाईंले पनि परमेश्वरले दिनुभएको भविष्य र आशाको प्रतिज्ञाहरूलाई कसरी पकडि राख्न सक्नुहुन्छ?**

## ४. अन्तको अन्तमा

**२ इतिहास ३६:११-१४ले यहूदा राष्ट्रको अन्तिम विध्वँसको अगाडि अन्तिम राजाको बारेमा बताउँछ। परमप्रभु परमेश्वरप्रति विरोधाभास अपनाउँदा कस्तो आत्मिक पतनको नीति त्यसले निम्त्याउँछ भनेर ती पदहरूले कसरी बताउँछ? हेर्नुहोस्: "११ राजगद्दी आरोहण गर्दा सिदकियाह एक्काईस वर्षका थिए। तिनले यरूशलेममा एघार वर्ष राज्य गरे। १२ तिनले परमप्रभु तिनका परमेश्वरको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। परमेश्वरको वचन बोल्ने यर्मिया अगमवक्ताको सामु तिनले आफैलाई विनम्र पारेनन्। १३ परमेश्वरको नाउँमा तिनलाई शपथ खुवाउने राजा नबूकदनेसरको विरुद्धमा तिनी बागी भए। तिनी अटेरी र हठी भएर परमप्रभु इस्राएलका परमेश्वरतिर फर्किआउन तिनले इन्कार गरे। १४ यसबाहेक अरू जातिहरूका सबै घिनलाग्दा कामहरू गरेर र परमप्रभुले यरूशलेममा पवित्र गर्नुभएको उहाँको मन्दिरलाई अपवित्र पारेर पूजाहारी र मानिसहरूका सबै नायकहरू झन्-झन् विश्वासघाती भए।"**

२१ बर्षको उमेरमा सिदकिया वा जेडकियाले (जसलाई मतानियाह पनि भनिन्छ) राजगद्दी सम्हाले। तर उनी बेबिलोनका राजा नेबुकदनेजारको कठपुतली राजा भएर राजगद्दीमा बसेका थिए। दुर्भाग्यबस बिगतका राजाहरूबाट उनले केही पनि सुधारिने खालका पाठहरू सिकेनन्। त्यसको फलस्वरुप उनले राष्ट्रमा झन ठूलो बिपत्ती ल्याउन सघाए।

२ इतिहास ३६:१४ले अत्यन्त गहिकिलो भनाई उल्लेख गरिएको छ। त्यसले त्यस देशका जनताहरूको हृदय परमेश्वरको खिलाफमा कतिको गएको रहेछ भनेर बताउँछ। सिदकियाको राजमा धेरै खराब कामहरूको सूची प्रस्तुत गरिएको छ तर त्यसमा उल्लेखनीय दुष्ट कामचाहीँ "यहूदाले छिमेकी राष्ट्रहरूले अपनाएका सबै कामहरू गरे जुन् परमेश्वरले मनाही गर्नुभएको थियो वा उहाँको सामु वाक्क लाग्दो थियो।"

परमेश्वरको अगुवाईमा र मोशाको नेतृत्वमा इस्राएलीहरू इजिप्टबाट प्रस्थान भएको सयौं बर्ष बितिसक्दा पनि, परमेश्वरसँग करार वा सम्झौता गरेर विशेष जाति भएर राष्ट्रहरूको सामु उहाँको ज्योति भएर चमक हुन खटाएको (व्यवस्था ४:५-८) सयौं बर्ष बितिसक्दा पनि तिनीहरू छरछिमेकी वा अरू राष्ट्रहरूको संस्कृति, चालचलन, संस्कारको वातावरणदेखि अलग हुनसकेनन्। परमेश्वरको सेवा गर्नुको सट्टा आफ्नै हातले बनाएका मूर्तिहरूलाई भगवान भनेर पूजा गर्दै मानव भावनालाई पोसाएर अरु वाक्क लाग्दो तिनीहरूको संस्कारहरूलाई ती इस्राएलीहरूले आफ्नो आस्थामा मिसाएको परमेश्वरको निम्ति अमान्य थियो।के त्यसमा हामीहरूको निम्ति केही समाचार होला र?

**राजाले यर्मियासँग के माग गरेका थिए र किन भनेर यर्मिया ३८:१४-१८मा यसरी बताउँछः "१४ तब सिदकियाह राजाले यर्मिया अगमवक्तालाई बोलाइपठाए, र परमप्रभुका मन्दिरको तेस्रो मूल ढोकामा तिनलाई ल्याउन लगाए। राजाले यर्मियालाई भने, "म तिमीसित केही कुरा सोध्नेछु। मदेखि केही कुरा पनि नलुकाऊ।"**

**१५ यर्मियाले सिदकियाहलाई भने, "मैले तपाईंलाई जवाफ दिएँ भने, के तपाईंले मलाई मार्नुहुन्न? मैले तपाईंलाई सल्लाह दिएँ भने पनि तपाईंले त्यो सुन्नुहुन्न।" १६ तर सिदकियाह राजाले गुप्तमा यर्मियासित यसो भनेर शपथ खाए, "जीवित परमप्रभु, जसले**

हामीलाई सास दिनुभयो, उहाँकै नाउँमा शपथ खाएर भन्दैछु, म तिमीलाई मार्नेछैनँ, न त तिम्रो ज्यान लिन खोज्ने मानिसहरूका हातमा तिमीलाई सुम्पनेछु।" १७ तब यर्मियाले सिदकियाहलाई भने, "सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'यदि बेबिलोनको राजाका अधिकृतहरूका हातमा तिमीले आफैलाई सुम्पिदियौ भने तिम्रो प्राण बाँच्नेछ, अनि यो सहर जलाइनेछैन, र तिम्रो घरानासहित तिमी बाँच्नेछौ। १८ तर तिमीले आफूलाई बेबिलोनको राजाका अधिकृतहरूका हातमा सुम्पिदिइनौ भनेता यो सहर बेबिलोनीहरूका हातमा दिइनेछ, र उनीहरूले यसलाई जलाइदिनेछन्, र तिमी उनीहरूका हातबाट उम्कनेछैनौ।"

इस्राएलीहरूले पाप तथा अधर्म काम गरेको हुनाले तिनीहरूमाथि बेबिलोनीहरूलाई कब्जा गर्न दिइनेछ र ती बेबिलोनीहरूको शासनलाई तिनीहरूले स्वीकार गर्नैं पर्छ भनेर परमेश्वरले बारम्बार स्पष्ट गर्नु भएको थियो। सिदकिया राजाले परमेश्वरबाट यर्मियाद्वारा दिनुभएको वचन सुन्न इन्कार गरे र राजा नेबुकदनेजारको बिरुद्धमा मिश्र अर्थात् इजिप्ट देशसँग सैनिक सम्झौता गरेर युद्ध मोर्चा गठन गरे। इस्राएलले इजिप्टको सैनिक शक्तिमाथि ठूलो भरोसा राखे। तर फारोह राजाको सैनिकमाथि नेबुक्दनेजारले ई.पू. ५९७मा बिजय गरे। इजिप्टसँग सम्झौता गरेर हार खाएको इस्राएलले आफ्नो राजधानी यरुशलेम र राष्ट्र स्थायीरूपमा हार खानुपर्ने दुर्भाग्यको चङ्गुलमा पर्न गइयो। यहूदाले कतिपटक पश्चाताप गर्न, सुधार गर्न, आत्मिक जागृति गर्ने अवसर पाएको थियो तर परमेश्वरको चुनिएको राष्ट्रले परमेश्वरलाई चुनेन र उहाँका आवाजहरूलाई सुन्न चाहेन।

हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई यस संसारमा यस्तो किसिमको सुसमाचार सुनाउन चुनिएको छ कि त्यो अरू कुनै पनि इसाई सम्प्रदायलाई दिइएको छैन। यहूदाले के गर्नुपर्थ्यो तापनि

हामीले गर्नुपर्ने के कुराहरू आत्मसात् गर्नुपर्छ? यहूदाले गरेको भुलहरू हामीले पनि नगरौं भनेर कसरी सतर्क हुने?

## ५. बचेखुचेका वा बाँकीहरू

परमेश्वरले दिनुभएको सन्देशलाई लत्याएपछि इस्राएल र यरुशलेम शहर के भयो त? हेर्नुहोस् यर्मिया ३९:८-१० "८ बेबिलोनीहरूले राजकीय महल र मानिसहरूका घरहरू जलाइदिए, र यरूशलेमका पर्खालहरू भत्काइदिए। ९ तब सहरमा छोड़िएका बाँकी मानिसहरू र उनीकहाँ भागेर आउनेहरूलाई र अरू बाँकी मानिसहरूलाई राजकीय अङ्गरक्षकका सेनापति नबूजरदानले कैद गरेर बेबिलोनमा लगे। १० तर केही पनि नभएका केही गरीब मानिसहरूलाई अङ्गरक्षकका सेनापति नबूजरदानले यहूदा देशमा छोड़िराखे, र तिनीहरूलाई उनले दाखबारी र खेतहरू दिए।"

इस्रायल र यरुशलेम माथि के हुनेछ भनेर परमेश्वरले चेतावनी दिनुभए अनुसार सबै कुरा ठ्याक्कै त्यसै भयो। धेरैले परमेश्वरले यर्मियाद्वारा दिनुभएको चेतावनी वा भविष्यवाणीलाई पत्याउन चाहेका थिएनन् तर जब चेतावनी अनुसार पूरा भयो तब तिनीहरूले विश्वास गरे। यस्तै खालका अनुभवहरू व्यक्तिगत जीवनमा कतिले भोगेको छैन र? परमेश्वरले कतिपय समयमा विभिन्न माध्यमहरूबाट हामीलाई यसो नगर्नु त्यसो नगर्नु वा यसो गर त्यसो गर भनेर भन्नुहुन्छ र उहाँको आवाज अनुसार हामी चलेनौं भने हामीलाई के हुनेछ भनेर पनि सतर्क गराउनु हुन्छ, तै पनि हामीहरू अट्टेरी हुन खप्पिस हुन्छौं अनि हामीले दुःख भोग्छौं।

यर्मिया २३:१-८मा के यस्तो सन्देश दिइएको छ जसमा मानिसहरूको निम्ति आशा पल्हाएको हुन्छ? हेर्नुहोस्: "१ परमप्रभु घोषणा गर्नुहुन्छ, "मेरो खर्कका भेड़ाहरूलाई नष्ट गर्ने र छरपष्ट पार्ने गोठालाहरूलाई धिक्कार!" २ यसैकारण आफ्नो प्रजालाई चराउने गोठालाहरूका विषयमा परमप्रभु इस्राएलका परमेश्वर यसो

भन्नुहुन्छः "तिमीहरूले मेरो बगाललाई छरपष्ट पाऱ्यौ र तिमीहरूले तिनीहरूलाई धपायौ, र तिनीहरूको हेरचाह गरेनौ। यसैकारण तिमीहरूको दुष्ट कामको निम्ति म तिमीहरूलाई दण्ड दिनेछु," परमप्रभु भन्नुहुन्छ। ३ "मेरा बगालका बाँचेकाहरूलाई मैले तिनीहरूलाई धपाएका सबै देशहरूबाट जम्मा गरेर म आफै तिनीहरूलाई तिनीहरूको खर्कमा फर्काइल्याउनेछु, जहाँ तिनीहरू फलवन्त हुनेछन्, र संख्यामा तिनीहरूको वृद्धि हुनेछ। ४ म तिनीहरूमाथि गोठालाहरू खटाउनेछु, जसले तिनीहरूलाई चराउनेछन्, र तिनीहरू न त डराउनेछन्, न तर्सनेछन्, न तिनीहरूमध्ये कुनै हराउनेछ," परमप्रभु भन्नुहुन्छ।

५ परमप्रभु भन्नुहुन्छ, "हेर, यस्ता दिन आउँदैछन्, जब म दाऊदको वंशबाट एउटा धार्मिक हाँगा खड़ा गर्नेछु, एउटा राजा जसले बुद्धिसित राज गर्नेछन्, र जे उचित र ठीक छ त्यही तिनले देशमा गर्नेछन्। ६ तिनको समयमा यहूदा बचाइनेछ र इस्राएल सुरक्षितसाथ रहनेछ। जुन नाउँले तिनी कहलाइनेछन् त्यो यही हो, 'परमप्रभु हाम्रा धार्मिकता' ।" ७ परमप्रभु भन्नुहुन्छ, "यसैले यस्ता दिन आइरहेछन्, जब मानिसहरूले कहिल्यै यस्तो भन्नेछैनन्, 'इस्राएलीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने जीवित परमप्रभुको नाउँमा' । ८ तर तिनीहरूले भन्नेछन्, 'इस्राएलीहरूका वंशलाई उत्तरको देश र अरू सबै देशहरूबाट जहाँ-जहाँ उहाँले तिनीहरूलाई निष्कासन गर्नुभएको थियो, ती सबै देशहरूबाट निकालेर ल्याउनुहुने जीवित परमप्रभुको नाउँमा' । त्यसपछि तिनीहरू आफ्नै देशमा बस्नेछन्।"

मानिसहरूको दृष्टिकोणबाट सबै थोक गुमिएको जस्तो देखिन्छः तिनीहरूको देश ध्वस्त भएको थियो, तिनीहरूको मन्दिर भत्काइदिएको थियो, तिनीहरूका राजाहरूलाई युद्धबन्दी बनाएर पलाएन गरिएको थियो र यरुशलेम शहर ढुँगाहरूको थुप्रो बनेको थियो। त्यस परिप्रेक्ष्यमा यहूदी राष्ट्र र यहूदी जातिहरू नै संसारको इतिहासबाट बेपत्ता हुनुपर्ने थियो। इतिहासले बताउँछ कि

संसारका कतिपय जातिहरू यस संसारबाट बिलाएर गए र बिलाउँदै पनि छन्।

तर ती जातिहरूप्रति परमेश्वरको योजना थियो कि तिनीहरू इतिहासबाट हराएर जाने थिएन। माथिका पदहरूले यो बताउँछ कि बचेखुचेकाहरू हुनेछन् र तिनीहरू फर्किने छन् र तिनीहरूद्वारा परमेश्वरले दिनुभएको प्रतिज्ञा वा बाचाहरू पूरा गर्नेछन्। त्यसको अर्थ नाश र विध्वँसको चेतावनी बावजुद पनि अगमवक्ताले भविष्यवाणीद्वारा मानिसहरूमा आशाका किरण चम्काइदिएको थियो।

"यदि परमेश्वरको भविष्यवक्ताहरूले उहाँका भविष्यवाणीका सन्देशहरू उच्चारण गरेर साहस नदिएको भए अन्धकार, बिनाश र मृत्यु खपेर यहूदाको राज्य अन्त्य हुँदा कतिपय मैहुँ भन्ने मानिसहरू बिरक्त भएर हार खाने थिए। यरुशलेममा यर्मियाबाट, बेबिलोनको दरवारबाट दानिएलबाट, चेबार नदिको किनाराबाट इजकिएलबाट परमेश्वरले आफूले चुनिएका जनहरूलाई दिनुभएको आफ्नो अनन्तको प्रतिज्ञा पूरा गर्नुहुनेछ भनेर करुणा अ ुनसार स्पष्ट पार्नुभएको थियो। आफूले चुनेका जनहरूलाई दिएका प्रतिज्ञाहरू जुन् मोशाले आफ्ना लेखहरूमा उल्लेख गरिएका छन् त्यो आफूले पूरा गर्न परमेश्वर राजी हुनुभएको छ भनेर विश्वस्त गराउनुभएको थियो। जो उहाँप्रति बफादारी हुन्छन्, उहाँको सत्यमा हिंड्छन् तिनीहरूलाई दिनुभएको प्रतिज्ञा पूरा गर्न परमेश्वर कतिबद्ध हुनुहुन्छ। "परमेश्वरको वचन जीवित हुन् र यो सदासर्वदा रहिरहन्छ" १ पत्रुस १:२३"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ४६४बाट रूपान्तरित।

## उपसंहार

**थप जानकारीः** "परमेश्वरबाट तर्केर गएका यहूदा वा इस्राएल राष्ट्रको अन्तिम दिनहरूमा भविष्यवक्ताले दिएका परमेश्वरमा फर्किने वचनहरूको गरिमाको कुनै मूल्य भएको थिएन। जब

कल्दी वा बेबिलोनका सैनिकहरूले दोस्रो र अन्तिम पटक यरुशलेम कब्जा गरे तब प्रत्येक मानिसको हृदयमा भएको आशा बिलाएर गएको थियो। यरुशलेमको ध्वस्त पूर्ण रूपमा हुनेछ भनेर यर्मियाले भविष्यवाणी गरेका थिए र मानिसहरूले बिदेशी सेनाको सामु आत्मसमर्पण गर्नुपर्छ भनेर जिद्दी गर्दा उनलाई झ्यालखानामा थुनेको थियो। तर शहरका बाँकी भएका र परमेश्वरको वचनमा विश्वास गरेका मानिसहरूलाई उहाँले नैराश्यको बादलमा छोड्नुभएको थिएन। आफूले दिएका वचनप्रति खिसी उडाउने मानिसहरूले यर्मियालाई कडा निगरानी राखेतापनि स्वर्गबाट त्यस्तो आत्मज्ञान उनीबाट आएको थियो कि यहूदाका मानिसहरूलाई क्षमा दिन र उद्धार गर्न परमेश्वर इच्छुक हुनुहुन्छ। परमेश्वरको त्यो वचन उहाँको चर्चको निम्ति सुरूदेखि अहिलेसम्म कहिले पनि असफल नहुने आशा र उत्साहको स्रोत बनिएको छ।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ४६६बाट रूपान्तरित।

“मानिसहरूलाई क्षमा दिन र उद्धार गर्न परमेश्वर इच्छुक हुनुहुन्छ" भन्ने वाक्य हेर्नुहोस्। त्यो चाहनाले कतिसम्म कदम बढायो भनेर हामी सोचौं। निचोढमा भन्नुपर्दा क्रुसनै त्यो निर्णायक प्रक्रिया हो जसले परमेश्वरको चाहनालाई प्रकट गर्दछ। हामीसँग परमेश्वरको वचन छ जसले मुक्तिको योजनालाई औंल्याउँछ। एलेन जी ह्वाइटद्वारा भविष्यवाणीका अचम्म बरदान हामीलाई दिइएको छ। कुन् कुन् तरिकाहरूद्वारा हामीलाई परमेश्वरको क्षमा दिने र उद्धार गर्ने चाहनालाई प्रकट गर्दछन्?

**चिन्तनमनन:**

अ. "मानिसहरू अगमवक्ता यर्मियाकहाँ आएर भने, “बाँकी भएका हामीहरूको बिन्ति सुन्नुहोस् र परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तपाईंलाई थाहा छ हामी धेरै थियौं अब हामी थोरैमात्र छौं।" (यर्मिया ४२:२ रूपान्तरित)। यर्मियाको पुस्तकमा उल्लेख गरेको बाँकी वा बचेखुचेका

मानिसहरूको वारेमा दिएको विषयबस्तुलाई कसरी स्पष्ट पार्दछ? हेर्नुहोस् मेरा बगालका बाँचेकाहरूलाई मैले तिनीहरूलाई धपाएका सबै देशहरूबाट जम्मा गरेर म आफै तिनीहरूलाई तिनीहरूको खर्कमा फर्काइल्याउनेछु, जहाँ तिनीहरू फलवन्त हुनेछन्, र संख्यामा तिनीहरूको वृद्धि हुनेछ। ४ म तिनीहरूमाथि गोठालाहरू खटाउनेछु, जसले तिनीहरूलाई चराउनेछन्, र तिनीहरू न त डराउनेछन्, न तर्सनेछन्, न तिनीहरूमध्ये कुनै हराउनेछ," परमप्रभु भन्नुहुन्छ ।

आ. पौराणिक कालका परमेश्वरका जनहरूमा भएका विभिन्न आत्मिक र अरू खोटहरू औंल्याउन हामीहरूले हामीहरूको दृष्टिकोणबाट सजिलो हुन सक्छ। हो, हामीहरूले त्यसै अनुसार हेर्नुपर्छ किनकि पुरानो करारमा भएका कथाहरू हामीहरूको निम्ति पाठ हो भनेर लेखिएको छ (१ कोरन्थी १०:११)। दुःख लाग्दो कुरो त यो थियो कि त्यसबेलाका मानिसहरूले त्यसबेलाका संस्कार, संस्कृति वा चालचलन अनुसार ठिकै गरिरहेका छन् भनेर सोचेका थिए। तिनीहरू परमेश्वरको सामु ठिकै थिए भनेर पनि सोचेका थिए। हामीहरूको सत्य आत्मिक अवस्थाप्रति हामीहरू पनि अन्धा हुनसक्छौं भनेर त्यसले हामीलाई कसरी सतर्क गराउँछ? हामीहरू पनि हामीहरूकै गलत आत्मिक पासोमा कसरी परिरहेका छौं? जहिले पनि क्रुसलाई हामीहरूको केन्द्रविन्दु किन बनाइरहनुपर्छ? हामीहरूको आत्मिक जीवनमा क्रुसलाई केन्द्रविन्दु बनाएनौं भने हामीहरू पनि कस्तो अवस्थामा पर्न सक्छौं?